# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

कोशी प्रदेश,नेपाल

**विषय: ५० % अनुदानमा कृषि औजार माग गर्ने सम्बन्धी सूचना।**
**(प्रथम पटक प्रकाशित मिति: २०८०।११।२२)**

सिद्धिचरण नगरपालिका, कृषि विकास शाखा ओखलढुङ्गाको आ.व. ०८० / ०८१ मा प्रदेश सरकारबाट हस्तान्तरित बजेट तथा कार्यक्रम (सशर्त) अन्तर्गत कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम अन्तर्गत तपसिल अनुसारका क्रियाकलापमा सहभागी हुन इच्छुक नगर क्षेत्रका कृषक/ कृषक समूह / कृषि सहकारी संस्था / कृषि फर्महरुबाट तपसिलमा उल्लेखित शर्तहरु बमोजिम यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन ( मिति : २०८०।१२।०७ गते) भित्र यस कार्यालयको कृषि विकास शाखामा आवश्यक कागजात सहित आवेदन दिनुहुन सम्वन्धित सबैको जानकारीको लागि सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | वितरण गरिने कृषि औजार | कैफियत |
|---|---|---|
| १ | मिनिटिलर (Mini Tiller) ५ र ७ हर्ष पावर (HP) | ५० % अनुदान |
| २ | कुटानी पिसानी मिल (Combine Mill) | |
| ३ | कोदो चुट्ने र फल्ने मेसिन (Threshing Machine) | |

**आवश्यक कागजातहरु:**

**व्यक्तिगत वा कृषक उपभोक्ता (एक वा संयुक्तरुपमा एक भन्दा बढी मिलेर आउनेको लागि):**

१. जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी वा लिजमा लिएको कागजात (कम्तीमा १० रोपनी जग्गा हुनु पर्ने),
२. आफ्नो नाममा जग्गा नभई आफ्नै एकाघरको परिवारका नाममा जग्गा भएमा नाता खुल्ने कागजात र सम्बन्धित जग्गाधनीको मन्जुरीनामा पेश गर्नु पर्नेछ,
३. आफुले कमाई आएको जग्गा (गुठी स्वामित्वको वा आफू मोही भएको समेत) वा करारमा लिएको भए कम्तिमा ५ वर्ष सम्झौता अवधि बाँकी रहेको प्रमाण सहित पेश गर्नु पर्नेछ,
४. वडाको सिफारिस।

**संस्थागत उपभोक्ताको लागि (कृषि सहकारी, कृषक समूह, निजी फर्म):**

१. संस्थाको निर्णय प्रतिलिपी तथा जिम्मेवार दिई खटाउने पदाधिकारीलाई दिएको अख्तियारी पत्र,
२. जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी (कम्तीमा ३० रोपनी जग्गा हुनुपर्ने),
३. संस्थाको आफ्नो नाममा जग्गा नभई करारमा लिएको भए कम्तिमा १० वर्ष सम्झौता अवधि बाँकी रहेको कागजात),
४. वडाको सिफारिस,
५. संस्था/फर्म दर्ताको प्रमाणपत्र, पान दर्ताको प्रतिलिपी, लेखा परिक्षण प्रतिवेदन प्रतिलिपी।

**थप जानकारीका लागि:**

कृषि विकास शाखा (९८४१२८५१५७, ९८६२०७४२५५, ९८५११६३३८०)

२०८०।११।२२
निमित्त प्रमुख प्रशासकीय अधिकृत